# मनराशिसवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी
मधेश प्रदेश, नेपाल

प.सं. : २०८२।०८३
च.नं. :

E-mail: info@manrashiswamun.gov.np
manrashiswamun.gov@gmail.com


## कम्प्युटर तालिम संचालन सम्बन्धी प्रस्ताव आव्हानको सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८२/१२/२७)

श्री सुचिकृत सबै सेवा प्रदायक संस्था/फर्म/कम्पनीहरू

मनराशिसवा नगरपालिका भित्रका युवाहरुलाई आधारभूत सूचना प्रविधि सम्बन्धी ज्ञान, सीप तथा दक्षता अभिवृद्धि गरी रोजगारी तथा स्वरोजगारमा सक्षम बनाउने उद्देश्यले ६० (साठी) दिने **आधारभूत कम्प्युटर तालिम** सञ्चालन सम्बन्धी सेवा खरिदका लागि संलग्न Terms of Reference (ToR) बमोजिमको कार्य गर्न इच्छुक **सेवा प्रदायक संस्था/फर्म/कम्पनीहरू** बाट प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**तालिम सम्बन्धी विवरणः**

- **तालिमको नामः** Computer Operator (Basic Computer Application)
- **पाठ्यक्रमः** CTEVT, Curriculum Development Division, Sanothimi द्वारा विकसित "Computer Operator (Basic Computer Application) – Short Course", Second Revision: February 2014 अनुसार
- **तालिम अवधिः** ६० दिन (जम्मा २२० घण्टा), **सहभागी संख्याः** २५ जना
- **स्थानः** दुर्गा मा.वि., मनराशिस्वा नगरपालिका

**महत्वपूर्ण व्यवस्थाः**

- कम्प्युटर ल्याब तथा सहभागीहरू नगरपालिकाबाट उपलब्ध गराइनेछ।
- सेवा प्रदायकले आवश्यक जनशक्ति तथा तालिम सञ्चालनसम्बन्धी सेवा मात्र उपलब्ध गराउनुपर्नेछ।

**सेवा प्रदायकबाट उपलब्ध गराउनुपर्ने सेवा तथा सामग्रीहरूः**

- मुख्य प्रशिक्षक (कम्तिमा Bachelor in Computer वा सो सरह योग्यता भएको)
- संयोजक भत्ता तथा सहयोगी भत्ता
- खाजा, तालिम अवधिभर (दिनको २८ वटा × ६० दिन)
- प्रशिक्षण तथा सहभागी (२५ जना) का लागि तालिम सामग्री तथा मसलन्द
- प्रशिक्षण तथा सहभागी (२५ जना) का लागि यातायात भत्ता (एक पटक)
- विविध खरिद (प्रमाण पत्र, पानी, सरसफाई, टुल्स आदि), अनुगमन भत्ता, प्रतिवेदन

**प्रस्ताव पेश गर्ने तरिकाः**

इच्छुक सेवा प्रदायकहरूले आवश्यक कागजातसहित (दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, प्रस्ताव पत्र आदि) यो सूचना प्रकाशित भएको मितिले **७ दिन भित्र** कार्यालय समयमा यस नगरपालिकामा प्रस्ताव पेश गर्नुपर्नेछ।

थप जानकारीका लागि नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

(विजय नारायण ठाकुर)
नि.प्रमुख प्रशासकीय अधिकृत